आज मिति २०७७।०५।२३गतेका दिन प्रदेश नं.५,सामाजिक विकास मन्त्रालयका मन्त्री माननीय सुदर्शन बरालज्यूको अध्यक्षतामाप्रदेश बाल अधिकार समितिको बैठक बसी तपसिलको उपस्थितिमा निम्न विषयमा छलफल तथा निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| मन्त्री,माननीय सुदर्शन बराल | सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ | - अध्यक्ष |
| सचिव,श्री भरतराज सुवेदी | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |
| सचिव, श्री रविलाल पन्थ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | –सदस्य |
| उप सचिव, श्री धर्मा अर्याल | आर्थिक मामिला तथा योजना मन्त्रालय | – सदस्य |
| नि· सचिव, श्री रुद्र प्रसाद ज्ञवाली | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| नि· सचिव, श्री भिमार्जुन पाण्डे | भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| नि. सचिव, श्री थानेश्वर ज्ञवाली | सामाजिक विकास मन्त्रालय | - सदस्य |
| सचिव, श्री तेज बहादुर सुवेदी | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| रजिष्टार, श्री ध्रुवकुमार ढकाल | उच्च अदालत बुटवल | - सदस्य |
| प्र. ना. उ. श्री राम बहादुर के सी | प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| सामाजिक विकास महाशाखा प्रमुख | श्री शारदा वस्याल,सा. वि. म. | - सदस्यसचिव |

**आमन्त्रित**

श्री मित्र प्रसाद गौतम, शाखा अधिकृत, लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण
श्री कमला पौडेल, महिला विकास अधिकृत, बाल अधिकार तथा सामाजिक न्याय
श्री यदु ज्ञवाली मन्त्री ज्यूको स्वकिय सचिव
श्री लक्ष्मण भण्डारी, कानून अधिकृत, कानून शाखा

कार्यालय सहयोगी श्री बिमला ज्ञवाली , सामाजिक विकास मन्त्रालय

**बैठकको एजेण्डा**

१. आ.व.०७७।०७८ को स्वीकृत कार्यक्रममा बाल अधिकार सम्बन्धी कार्यक्रमबारे संक्षिप्त जानकारी
२. राष्ट्रिय बाल अधिकार दिवस २०७७ मनाउने सम्बन्धमा
३. प्रदेश बालकोष (स्थापनारसञ्चालन) नियमावली, २०७७ को मस्यौदा बारे छलफल
४. बिबिध

निर्णयहरु

१. प्रदेश नं. ५, सामाजिक विकास मन्त्रालय र सो अन्तर्गतका डिभिजन कार्यालयको चालु आ.व. ०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रममा बालबालिका सम्बन्धी कार्यक्रमबारे जानकारी गरियो ।

२. मिति २०७७।०५।२९ गतेका दिन राष्ट्रिय बाल अधिकार दिवस २०७७को अवसरमा कोभिड १९ को प्रभावका कारण यस वर्ष विगतका वर्षहरुमा जस्तै सार्वजनिक भेला तथा भौतिक रुपमा उपस्थिति भई मनाउन संभव नभएको कारण नेपाल सरकार/ प्रदेश सरकारले लागु गरेका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गरी Virtual रुपमा विविध कार्यक्रमको आयोजना गरी " विपदमा बाल अधिकारको सुनिश्चितता : हामी सबैको साझा प्रतिबद्धता "भन्ने राष्ट्रिय नाराका साथ मनाउने सन्दर्भमा १२ वटै जिल्ला बाल अधिकार समिति, १०९ वटा स्थानीय तह र ६ वटा सामाजिक विकास डिभिजन कार्यालयलाई अनुरोध गरी पत्राचार गर्ने, साथै मन्त्रालय र सामाजिक विकास डिभिजन कार्यालयले तपसील वमोजिमको कार्यक्रम आयोजना गर्ने ।

क) सामाजिक विकास मन्त्रालयले सबै जिल्लाबाट बालवालिकाहरुको प्रतिनिधित्व हुने गरि " वन्दावन्दीमा सिकाईका सम्भावना र अवसरहरु " शिर्षकमा विद्यालय स्तरीय खुल्ला निवन्ध प्रतियोगिता आयोजना गरि तपसील बमोजिमको पुरस्कारको व्यवस्था गर्ने ।

- प्रथम पुरस्कार एक जना रु.१५०००।— र प्रमाणपत्र
- द्वितीय पुरस्कार एक जना रु.१००००।— र प्रमाणपत्र
- तृतीय पुरस्कार एक जना रु. ७०००।— र प्रमाणपत्र
- सान्त्वना पुरस्कार नौ जना जनही रु.२०००।— र प्रमाणपत्र

ख) सामाजिक विकास डिभिजन कार्यालयबाट आ-आफ्नो कार्य क्षेत्र भित्र पर्ने जिल्लाहरुको छुट्टा छुट्टै Virtual बक्तृत्वकला वा खुला निबन्ध प्रतियोगितामा यथा सम्भव सबै पालिकाबाट बालबालिकाको सहभागिता सुनिश्चित हुने गरि आयोजना गर्ने सोका लागि शिर्षक सम्बन्धित जिल्ला बाल अधिकार समितिको समन्वयमा सामाजिक विकास डिभिजन कार्यालयले तय गर्ने ।

➢ वक्तृत्वकलाका विजयी बालवालिकालाई तपसील बमोजिमको पुरस्कारको व्यवस्था गर्ने ।

- प्रथम पुरस्कार एक जना रु.५०००।— र प्रमाणपत्र
- द्वितीय पुरस्कार एक जना रु.३०००।— र प्रमाणपत्र
- तृतीय पुरस्कार एक जना रु.२०००।— र प्रमाणपत्र
- सान्त्वना पुरस्कार दुई जना जनही रु.१०००।— र प्रमाणपत्र

३. प्रदेश नं. ५, बालबालिकाको हक अधिकार संरक्षणसम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६ को दफा ४५ र दफा ५० ले दिएको अधिकार प्रयोग गरी मस्यौदा गरिएको प्रदेश बाल कोष (स्थापना र सञ्चालन) नियमावली, २०७७ प्रस्तुत गरी सुझावका लागि पेश गरियो । उक्त मस्यौदा अध्ययन गरी आफ्ना सुझावहरु सम्पूर्ण पदाधिकारीले यथाशिघ्र यस मन्त्रालयमा पठाउने र सोही बमोजिम मन्त्रालयले सुझावहरुलाई समेत समावेश गरी अन्तिम मस्यौदा तयार गरी प्रदेश सरकार, मन्त्रिपरिषदमा पेश गर्नका लागि सम्बन्धित मन्त्रालयबाट सहमतीका लागि समेत पठाउने।

४. यस प्रदेश भित्रका १२ वटै जिल्लामा रहेका बालगृह/बाल संरक्षण केन्द्र, बाल कल्याण गृह, बाल सुधार गृह तथा बाल पुनर्स्थापना गृहको विवरण उपलब्ध गराईदिने सन्दर्भमा यस मन्त्रालयबाट १२ वटै जिल्ला प्रशासन कार्यालयमा अनुरोध गरी पठाईएकोमा सबै जिल्लाबाट यस्ता गृह/केन्द्रहरुको अद्यावधिक तथ्याङ्क उपलब्ध हुन नसकेकोले पुन सबै जिल्लामा अनुरोध गरी पठाउने र यस्ता वालगृहहरु प्रचलित कानून बमोजिम सञ्चालन भए नभएको र ती केन्द्र/गृह हरुको अवस्थाबारे यस समितिबाट र प्रदेश प्रहरी, जिल्ला बाल अधिकार समिति तथा सामाजिक विकास डिभिजन कार्यालयहरुबाट समेत नियमित अनुगमन गर्ने व्यवस्था गर्ने र सोको जानकारी यस मन्त्रालयलाई जानकारी गराउने।

५. गत आ.व.मा सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश अभियानको सन्दर्भमा मानवसेवा आश्रम र निल सागर असहाय अशक्त ज्येष्ठ नागरिक केन्द्रबाट सेवा प्रदान गरिएका नागरिक विशेषगरी बालवालिकाहरुबारे जानकारी गरियो ।

६. प्रदेश प्रहरीबाट बालवालिकाको क्षेत्रमा भए गरेका प्रगतिको जानकारी गरियो ।